जिल्ला कोभिड- 19 संकट व्यवस्थापन केन्द्र (DCCMC) सुनसरीबाट मिति २ 077/04/01 गते देखि हाल सम्म कोभिड-१९ रोग रोकथाम, नियन्त्रण र उपचारका लागि गरिएका महत्वपूर्ण प्रयास तथा निर्णयहरु :

**Quarentine/Isolation center का सम्बन्धमा ।**

- C-Max भवन भोक्राहा- विदेशबाट आएकालाई राख्न १०० बेड क्षमताको Holding र Quarauteen (जिल्ला प्रशासन कार्यालय सुनसरी द्वारा संचालित)
- B. General Hospital, हरिनगरा – ५० बेड क्षमताको Isolation (प्रदेश सरकारद्वारा सहयोग)
- रामानन्द सेवा पिठ, चतरा – १०० बेड क्षमताको Isolation (प्रदेश सरकारद्वारा सहयोग)
- अस्थायी कोभिड अस्पताल, धरान – १५० वेड क्षमताको (प्रदेश सरकारद्वारा सहयोग)
- नयाँ बसपार्क, इनरुवा- २५ बेड क्षमताको (नेपाल प्रहरीको लागी)
- हरियाली पार्क, धरान – ५० बेड क्षमताको
- रा.वा. बैंक गोदाम, दुहवी – २०० बेड क्षमताको
- ईटहरी रंगशाला, ईटहरी – २०० बेड क्षमताको
- कृषि तालिम केन्द्र भवन, रामधुनी – ५० बेड क्षमताको
- गढदेव सामूदायिक भवन, गढी – ५० बेड क्षमताको
- भगवती मा.वि. इनरुवा – ५० बेड क्षमताको

**रोकथाम तथा नियन्त्रण सम्बन्धमा**

- विभिन्न मितिको DCCMC को निर्णयले जिल्ला भरी लागु हुने गरी लकडाउन गरिएको ।
- उद्योगी, व्यापारी, मजदुर तथा सर्वसाधारणमा लकडाउनका कारण कठिनाई वेहोर्नु परेकाले, भौतिक दूरी तथा स्वास्थ्य मापदण्ड पालन गर्ने गरी निषेधित क्षेत्रलाई केही खुकुलो बनाई बजार तथा पसलहरु (सैलुन, स्पा, स्विमिङ पुल, पुल हाउस, जिमखाना, होटल तथा रेष्टुरेन्ट (order अनुसार Packing गरी लैजाने Take away सेवा वाहेक) दैनिक/साप्ताहिक हाट निषेध गर्दै दिउँसो २:०० बजेसम्म खोल्न पाउने निर्णय गरिएको छ ।
- सिटी (ई-रिक्सा) लाई भौतिक दूरी कायम गरी स्वास्थ्य मापदण्ड पालना गर्दै चलाउन दिइयो ।
- कोभिड- १९ रोग रोकथाम र नियन्त्रणका लागी जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत श्री सुधिर साफिको संयोजकत्वमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान र जनस्वास्थयका अधिकृत प्रतिनिधि समेत रहने गरी जिल्ला स्तरीय संयुक्त अनुगमन टोली गठन गरिएको र उक्त टोलीले कार्य गरिरहेको ।
- इनरुवा अस्पतालमा रहेका एम्वुलेन्सहरु मध्येबाट आलोपालो गरी एउटा एम्वुलेन्स अस्पताल परिसरमा कोभिड- १९ का विरामी मात्र बोक्ने प्रयोजनका लागि Stand by राख्ने व्यवस्था मिलाईएको ।
- कोभिड -१९ को संक्रमणबाट मृत्यु हुने व्यक्तिको सव व्यवस्थापनका लागी एक वटा शव वाहनको व्यवस्था मिलाइएको ।
- जिल्ला स्तरीय संयुक्त अनुगमन टोलीद्वारा जिल्लाका मुख्य बजार क्षेत्रहरु इनरुवा, झुम्का, ईटहरी लगायतका बजार क्षेत्रमा नियमित अनुगमन गरी मास्क नलगाई हिंड्ने व्यक्तिहरुलाई सचेतना स्वरुप जनही रु १००/- का दरले रु १०,000/- जरिवाना गरिएको । त्यस्तै २००० व्यक्तिलाई स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्न सचेत गराई सोही संख्यामा मास्क समेत वितरण गरिएको ।

**सम्पर्क तथा समन्वय**

- प्रदेश सरकार र स्थानीय सरकारसँग नियमित रुपमा सम्पर्क र समन्वय स्थापना गरिएको, यसै क्रममा जिल्ला भरीका स्थानीय तहका प्रमुख/उपप्रमुख ज्यूहरुसँग प्रत्येक महिनाको ३ गते समन्वय बैठक गर्ने गरिएको ।
- प्रत्येक स्थानीय तहलाई आ-आफ्नो क्षेत्रमा स्थापना गरिएका र गर्नु पर्ने Isolation center को स्थापना तथा सञ्चालनका लागी आवश्यक व्यवस्थापनका लागि अनुरोध गरिएको । स्थानीय तहबाट पूर्ण सहयोग पाइएको ।

**सुनसरी जिल्लामा आजका मिति सम्म कोभिड–१९ परिक्षण तथा अवस्था**

| संकलित स्वाव संख्या | संकलित स्वाव परीक्षण संख्या | RT-PCR Positive | आइसोलेसनमा भएका विरामी संख्या | कोभिड -19 पोजेटिभबाट मृत्यु हुनेको संख्या |
|---|---|---|---|---|
| २४००० | २४००० | १०३२ | ६०९ | ६ |